# आदर्श गाउँपालिका
## Aadarsh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

मौवा नगरदह डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

प.सं. : २०७९/०८०
च.नं. :

**सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०७९।०९।०७)**

यस आदर्श गाउँकार्यपालिकाको निर्णयानुसार कृषि स्नातक प्राविधिक र गरिवसँग विश्वेश्वर कार्यक्रमका लागि तपसिल बमोजिमका पदमा सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएको हुँदा निम्न लिखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्रमा माग बमोजिमका कागजात र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

| क्र.स. | वि.नं. | पद | तह/श्रेणी | संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | १५/२०७९/०८० | कृषि स्नातक | छैठौं तह | १ | मान्यता प्राप्त विश्व विद्यालय वा शैक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा कम्तिमा स्नातक उर्त्तिण भएको । |
| २ | १६/२०७९/०८० | सामाजिक परिचालक | चौथो तह | १ | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सि. वा सो सरह. उतिर्ण गरेको । |

१) दरखास्त दिने अवधी : मिति २०७९।०९।०७ गते देखि २०७९।०९।२१ गतेसम्म कार्यालय समयभित्र । दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन अन्तिम दिन हुनेछ ।

२) दरखास्त दिने स्थान : आदर्श गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, मौवानगरदह, डोटी ।

३) दरखास्त दस्तुर : कृषि स्नातकको हकमा रु.१०००।(एक हजार मात्र) र सामाजिक परिचालकको हकमा रु.५०० ( पाँच सय मात्र)

४) छनौट किसिम : लिखित , प्रयोगात्मक र अन्तर्वार्ता

५) काम गर्नु पर्ने स्थान : गाउँपालिकाले खटाएको स्थानमा ।

६) योग्यता र अनुभव :

क) नेपाली नागरिक ख) १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरि कुनै कारवाही नभएको ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

ङ) अन्य कुनै कानूनद्वारा अयोग्य नठहरिएको ।

७) दरखास्त दिदा संलग्न गर्नुपर्ने कागजातहरु :

क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरु( लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र) को प्रमाणित प्रतिलिपि

ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

ग) ३ प्रति पासपोर्ट साइजको फोटो

घ) लोकसेवा आयोगले निर्धारण गरेको फर्मेटमा आवेदन भरि पेश गर्नु पर्नेछ ।

ङ) कामसंग सम्बन्धित अनुभव भए सोको कागजात ।

८) सेवा सुविधा : कृषि स्नातकको हकमा स्थानीय तहमा कृषि प्राविधिक परिचालन कार्यविधि, २०७९ मा तोकिए बमोजिम र सामाजिक परिचालकको हकमा गरिवसँग विश्वेश्वर कार्यक्रम कार्यान्वयन निर्देशिका बमोजिम हुनेछ ।

९) म्याद नाघी आएका वा रितपूर्वक नआएका आवेदन उपर कुनै कारवाही हुनेछैन ।

१०) आवेदनको ढाँचा र अन्य जानकारी कार्यालयमा उपलब्ध हुनेछ ।

११) सामाजिक परिचालकको हकमा महिला उम्मेदवारले मात्र दरखास्त दिन पाइने छ ।



Scanned by TapScanner

# आदर्श गाउँपालिका
## Aadarsh Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

प.सं. : २०७९/०८०
च.नं. :

मौवा नगरदह डोटी
सुदूरपश्चिम प्रदेश नेपाल

१२) परिक्षा मिति सम्बन्धमा अको सूचनामा प्रकाशित गरिने छ ।
१३) सिभिल बैंक आदर्श शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक रावश्व खाता नं. ०७७११०२१७२४२०७५ मा दस्तुर जम्मा गरेको बैंक रसिद वा यस कार्यालयको राजश्व शाखामा दस्तुर बुझाएको सक्कलै प्रति ।

षडानन्द ओझा
नि. प्रमुख प्रशासकीय अधिकृत



Scanned by TapScanner